# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ११२ | काठमाडौं | सोमबार, २८ साउन २०८१ | Prabhab National Daily | Monday, August 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


माओवादी स्थायी कमिटी बैठक

## अध्यक्ष दाहाललाई जनार्दनको १३ प्रश्न





- दाहाललाई शर्माको प्रश्न– पार्टी फुटाएर एमालेमा जाँदै छ भनेर किन प्रचार गरियो ?
- आफूविरूद्ध खुमलटारबाट षड्यन्त्र सुरू भएको र बालुवाटार पुगेपछि तीव्र भएको शर्माको दाबी
- अध्यक्ष दाहालले स–साना अन्तरविरोध समाधान गर्न झन् ठूलो अन्तरविरोध सिर्जना गरेको पनि शर्माको टिप्पणी

■ **जेबी योञ्जन**

**काठमाडौं–** जेठको मध्यतिर नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माको नेतृत्वमा चोइटिन लागेको एउटा सनसनीपूर्ण खबर फैलियो । शर्माका अनुसार उनलाई त्यसबेला जताजतैबाट तारान्तार फोन आयो । जवाफ दिँदादिँदा काबु भए । उसै त माओवादी फुट्दाफुट्दा अस्तित्व नै संकटोन्मुख छ । त्यहीबेला उपमहासचिव शर्माले पार्टी फुटाउन लागेको भन्दै फैलिएको खबरले माओवादी नेता कार्यकर्ताहरू बेचैनीमा परे ।

यही विषय माओवादीको जारी स्थायी कमिटी बैठकमा उठेको छ । उपमहासचिव शर्माले पार्टी अध्यक्ष पुष्पकमल दाहालबाटै यस्तो दुष्प्रचार भएको ठोकुवा गरेका छन् । यसबारे दाहालसँग शर्माले आइतबार प्रश्न गरे, 'पार्टी फुटाएर एमालेमा जाँदै छ भनेर किन प्रचार गरियो ?'

शर्माले पार्टी फुटाउँदै छ भनेर प्रचार गरी अध्यक्ष दाहालले कार्यकर्ता पंक्तिमा भ्रम र त्रास सिर्जना गराएको बताएका छन् । अध्यक्ष दाहालकै ग्राण्ड डिजाइनमा आफूविरुद्ध षड्यन्त्र भएको उनको आरोप छ ।

शर्माले आफूविरुद्ध खुमलटारबाट षड्यन्त्र सुरु भएको र बालुवाटार पुगेपछि तीव्र भएको दाबी गरेका छन् । 'खुमलटारबाट एमालेमा जाँदै छ भनेर सुरु गरिएको प्रचारबाजीलाई बालुवाटार पुगेपछि तीव्रता दिइयो । उक्त प्रचारबाजीलाई मद्दत पुग्नेगरी पोखरामा आइपुग्दा मूल नेतृत्वले नै पार्टी फुटतिर उन्मुख छ, कसैलाई साथ भन्दै कार्यक्रम हलमा हुटिङ गराएपछि सुन्नेहरूलाई पार्टी फुट्ने पक्कापक्की भयो भन्ने लाग्यो ।'

माओवादीको संगठनमा उपमहासचिव शर्मा र अर्का उपमहासचिव वर्षमान पुनको बलियो पकड छ । दुवै पार्टी महासचिव हुन चाहन्थे । त्यसका लागि दुईबीच तीव्र संघर्ष भयो । त्यसपछि दाहालले देवप्रसाद गुरुङलाई महासचिव बनाए । दाहालको यो कदमप्रति शर्मा पूरै आक्रोशित छन् । दाहालप्रति प्रश्नैप्रश्न उठाउँदै आएका छन् ।

जारी स्थायी कमिटी बैठकमा उनले अध्यक्ष दाहाललाई लिखित रूपमा १३ वटा प्रश्न गरेका छन् । तर, आफूविरुद्ध उठेका प्रश्नबाट पन्छिन दाहालले आफ्नाविरुद्ध हल्ला गराएको पनि आरोप लगाए । 'मूल नेतृत्वबाटै यस प्रकारको गतिविधि हुनुको पछाडि केही प्रश्नहरू छन्,' उनले लेखेका छन्, 'ती प्रश्नहरूको जवाफ दिने झन्झटतिर लाग्नुभन्दा आमपंक्तिलाई तरंगित पार्ने विषय हालिदिएर ध्यान अर्कैतिर मोड्ने उद्देश्य रहेको छ ।'

(क्रमशः पृष्ठ २ मा)

श्रम आप्रवासन नीतिको मस्यौदा

# बाध्यकारी श्रम आप्रवासन अन्त्यको लक्ष्य

- श्रम आप्रवासनलाई प्रतिफलमुखी बनाउनुपर्ने
- ६ वटा नीति, २४ वटा रणनीति र ११३ कार्यनीति प्रस्ताव
- श्रम आप्रवासन प्रक्रियालाई सरल, सहज, पारदर्शी र उत्तरदायी बनाउन जोड
- अभिमुखीकरण सेवालाई स्थानीय तहसम्म विस्तार गर्नुपर्ने



■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारको आगामी श्रम आप्रवासन नीति बाध्यकारी श्रम आप्रवासनको अन्त्य गर्नेमा केन्द्रित हुनुपर्ने विज्ञहरूको कार्यदलले सुझाव दिएको छ । श्रम तथा आप्रवासनविज्ञ डा. गणेश गुरुङ संयोजक रहेको पाँच सदस्यीय कार्यदलले आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई श्रम आप्रवासन नीतिको मस्यौदा बुझाउँदै यस्तो सुझाव दिएको हो ।

मस्यौदामा अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुरूप सुसूचित, सीपयुक्त, प्रतिस्पर्धी र व्यावसायिक श्रमशक्तिको विकासमार्फत श्रम आप्रवासनलाई प्रतिफलयुक्त बनाउनुपर्ने उल्लेख गरिएको छ । स्वदेशमै स्वरोजगारी तथा उद्यमशीलता प्रवर्द्धन गर्दै बाध्यकारी श्रम आप्रवासनको अन्त्य गर्ने लक्ष्य मस्यौदामा राखिएको ।

कार्यदलले नौ महिना लगाएर तयार पारेको उक्त नीतिको मस्यौदामा छ वटा नीतिभित्र समेट्नुपर्ने सुझाव दिइएको छ । ती छ वटा नीतिलाई पूरक बनाउन २४ वटा रणनीति र २४ वटा रणनीतिलाई कार्यान्वयन गर्नेगरी ११३ कार्यनीति प्रस्ताव गरिएको छ । कार्यदलले लामो समयको अध्ययनपश्चात् तयार गरिएको मस्यौदामा पहिलो प्राथमिकता श्रमिकलाई दिइएको छ भने उनीहरूको हितलाई केन्द्रमा राखेको छ । देशको गरिबी न्यूनीकरणमा आप्रवासनले महत्त्वपूर्ण योगदान गरेको भन्दै यसलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउनुपर्ने उल्लेख गरिएको छ ।

श्रम आप्रवासन प्रक्रियालाई सरल, सहज, पारदर्शी र उत्तरदायी बनाउन वैदेशिक रोजगार ऐन, २०६४ र वैदेशिक रोजगार नियमावली, २०६४ लाई परिमार्जन गर्नुपर्ने मस्यौदामा छ । श्रम आप्रवासनसम्बन्धी कानुन निर्माण, संशोधन र कार्यान्वयनमा आप्रवासी नेपाली श्रमिक, श्रम आप्रवासनसम्बन्धी सेवा दिने व्यवसायी, गैरसरकारी संस्था र सम्बन्धित

**सन्दर्भः वैदेशिक रोजगार**

सरोकारवालाहरूलाई अर्थपूर्णरूपमा संलग्न गराउनुपर्ने छ ।

रोजगारदाता र श्रम आप्रवासनसम्बन्धी सेवा प्रदान गर्ने व्यवसायीका लागि पुरस्कार र दण्डसहितको मापदण्ड बनाई प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिनुपर्ने मस्यौदामा उल्लेख छ । यसैगरी श्रमिकको खर्च रोजगारदाताले व्यहोर्ने प्रणालीलाई श्रम गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय श्रम सम्झौतामा उल्लेख गर्न सुझाव दिइएको छ । वैदेशिक रोजगार बोर्ड र गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगले रोजगारदाताले खर्च व्यहोर्ने प्रणालीको पालना गर्ने रोजगारदाता (बजार) खोज्ने छन् र सम्बन्धित मन्त्रालयमा वार्षिक प्रगति विवरण पेस गर्नुपर्ने व्यवस्था हुनुपर्ने बताइएको छ । उक्त कार्यमा वैदेशिक रोजगार व्यावसायी संघलाई पनि संलग्न गराउनुपर्ने उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

### 'मस्यौदालाई राष्ट्रिय नीतिका रूपमा कार्यान्वयनमा ल्याइन्छ'

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विज्ञ टोलीबाट प्राप्त मस्यौदाले राष्ट्रिय आप्रवासन नीति निर्माण गर्न सहज बनाउने बताए । यसअघि २०६८ सालमा वैदेशिक रोजगार नीति लागू गरिए पनि आन्तरिक तथा बाह्य आप्रवासन नीति नभएका कारण समग्रमा राष्ट्रिय आप्रवासन नीति बनाउन लागिएको उनले प्रस्ट पारे ।

'समग्र श्रम आप्रवासन क्षेत्रको समस्या र चुनौती पहिचान गर्दै तयार पारिएको मस्यौदालाई सरकारी नीतिका रूपमा कार्यान्वयनमा ल्याउन आवश्यक प्रक्रिया अपनाइने छ,' मन्त्री भण्डारीले भने, 'अब आउने नीतिले अहिले भइरहेको व्यवस्था र प्रणालीलाई व्यवस्थित एवं मर्यादित बनाउँदै आप्रवासी श्रमिकलाई स्वदेशमा फिर्ता ल्याउने र विश्वबजारको मागअनुसार श्रम जनशक्ति उत्पादनलाई प्राथमिकता दिइने छ ।'

रोजगारीको विकल्प रोजगारी नै भएको उल्लेख गर्दै श्रममन्त्री भण्डारीले नेपाली आप्रवासी श्रमिकको उचित श्रम मूल्य र मूल्यांकन हुनुपर्नेमा जोड दिए । त्यसका लागि अब बन्ने आप्रवासी नीति र सरकारको परराष्ट्र नीतिमा ध्यान केन्द्रित गर्नु आवश्यक रहेको श्रममन्त्री भण्डारीको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

# सञ्चारसम्बन्धी सबै ऐन एक वर्षभित्र गणतन्त्रअनुकूल बनाइन्छ : *सञ्चारमन्त्री*



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सञ्चार र सूचना प्रविधिसँग सम्बन्धित सबै पुराना ऐनलाई विस्थापन गर्ने बताएका छन् । उनले एक वर्षभित्र मन्त्रालयअन्तर्गतका सबै ऐन संघीय लोकतान्त्रिक गणतन्त्र अनुकूल हुनेगरी नयाँ बनाउने बताएका हुन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)को २५औं स्थापना दिवसका अवसरमा आइतबार आयोजित समारोहलाई सम्बोधन गर्दै उनले पञ्चायतकालमा बनेका सञ्चार ऐनबाट लोकतान्त्रिक व्यवस्था सुदृढ हुन नसक्ने धारणा राखे । राष्ट्रिय समाचार समिति (रासस) राजा महेन्द्रको पालामा बनेको ऐनले चलेको छ । गोरखापत्र, नेपाल टेलिभिजन, हुलाकलगायतका संस्थानहरू पुरानै ऐनबाटै चलेको उल्लेख गर्दै उनले आफूले एक वर्षभित्र ऐनमा सुधार गर्ने प्रतिबद्धता जनाए । उनले मिडिया विधेयक छिटोभन्दा छिटो संसद्बाट पारित गर्नेगरी तयारी भइरहेको जानकारी दिए ।

आदिवासी आन्दोलनले लोकतन्त्र स्थापनामा गरेको योगदानको चर्चा गर्दै मन्त्री गुरुङले संघीय संरचनाको लाभ कति उठायौं भन्नेमा समीक्षा जरुरी रहेको बताए । संघीय संरचना हटाउनेभन्दा पनि अझै बलियो कसरी बनाउने भन्नेतर्फ अबको आदिवासी जनजाति आन्दोलन केन्द्रित हुनुपर्नेमा उनको जोड थियो ।

नेपाल प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले पछिल्लो समय पत्रकारिता मर्दै गएको भन्दै यसप्रति सरोकारवाला सबै गम्भीर बन्नुपर्नेमा जोड दिए । उनले पत्रकार महासंघलगायत संघसंस्थामा वास्तविक पत्रकारले सदस्यता नै नपाउने अवस्था रहेको टिप्पणी गरे । प्रविधिले पनि पत्रकारितामा चुनौती थपिएको उनको भनाइ थियो । उनले समाजिक सञ्जाल, वास्तविक पत्रकार र सञ्चारमाध्यमको परिभाषा पहिल्याउन आवश्यक रहेको बताए ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले पत्रकार दक्ष बनाउने जिम्मेवारी सरकारको पनि भएको बताए । फोनिजका अध्यक्ष गजुरधन राईले समावेशी सञ्चारको मुद्दामा फोनिजले स्थापित गरेको उल्लेख गर्दै यसलाई प्रभावकारी कार्यान्वयनमा सरकारले काम गर्नुपर्ने बताए ।

### सम्पादक तामाङलाई 'फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार'

प्रभाव दैनिकका सम्पादक विष्णु तामाङलाई 'फोनिज राष्ट्रिय पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले आफ्नो स्थापना दिवसको अवसरमा आइतबार सम्पादक तामाङसहित छ जनालाई सम्मान तथा पुरस्कार प्रदान गरेको हो ।

सम्पादक तामाङसहित तीन जनालाई राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गरिएको छ । पुरस्कृत हुने अन्य दुई जना कास्कीको गोर्खाली रेडियोकी स्टेसन म्यानेजर खिमा गुरुङ र इलामका सटेन्द्र जबेगु छन् । तामाङलाई छापा, गुरुङलाई रेडियो र जबेगुलाई अनलाइनतर्फको पुरस्कार प्रदान गरिएको हो । पुरस्कृत हुने सबैले जनही २० हजार रूपैयाँसहित सम्मानपत्र प्राप्त गरे ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## बाध्यकारी श्रम...

त्यस्तै श्रम आप्रवासन व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गर्न र अन्तरमन्त्रालय, अन्तरनिकाय, अन्तरप्रदेश तथा स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सबल बनाउनुपर्ने भनिएको छ । मस्यौदामा श्रम आप्रवासनका सेवाप्रदायकको अनुगमनलाई प्रभावकारी बनाउन श्रमिक पठाउने मुलुकहरूसँग सहकार्य गरी सामूहिक सौदाबाजीको रणनीति तय गर्दै व्यावसायीले प्रदान गर्ने सेवाको अनुगमन सूचक तयार गरी निरन्तर अनुगमन तथा मूल्यांकनका आधारमा पुरस्कृत/दण्डित गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ ।

श्रम आप्रवासनमा जाने निर्णय गर्नुभन्दा पहिला नै श्रमिकलाई स्थानीयस्तरमा सूचना तथा जानकारी र परामर्श प्रदान गरी श्रम आप्रवासनलाई सुसूचित छनोटको विषय बनाइनुपर्ने र विद्यमान चुनौती, सम्भावित जोखिम र अवसरका बारेमा आवश्यक प्रचारप्रसार तथा चेतनामूलक कार्यक्रम स्थानीय तहबाट सञ्चालन गरिनुपर्ने बताइएको छ। साथै श्रम आप्रवासनमा जान चाहने व्यक्तिलाई प्रत्यक्षरूपमा गन्तव्य मुलुकका रोजगारदातासँग जोड्ने प्रविधिको विकास गर्न पनि सुझाइएको छ । यसका साथै पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन यसको पुनर्संरचना गर्नुपर्ने बताइएको छ । अभिमुखीकरण सेवालाई स्थानीय तहसम्म विस्तार गरी श्रम आप्रवासनसम्बन्धी सूचना प्रवाहलाई प्रदेश र स्थानीय तहअन्तर्गत वडा तहसम्मको पहुँच विस्तार गर्नुपर्ने भनिएको छ ।

यसैगरी श्रम गन्तव्य मुलुकस्थित नेपाली कूटनीतिक नियोगलाई स्रोत साधन सम्पन्न बनाई उनीहरूको क्षमता विकास गरी अनुगमन प्रणालीलाई प्रभावकारी बनाउँदै नियोगमा नेपाली श्रमिकको सहज पहुँच सुनिश्चित गर्नुपर्ने र श्रमिकको आकस्मिक मृत्यु भएमा गन्तव्य मुलुकमा नै शवको पोस्टमार्टम गराई स्वदेश ल्याउनुका साथै राहत, बिमा क्षतिपूर्तिलगायतका सुविधा प्राप्ति गर्ने प्रक्रियामा सहजीकरण गर्ने व्यवस्था मिलाउनुपर्ने छ । त्यस्तै वैदेशिक रोजगार बोर्डलाई परिवर्तित अवस्थाअनुरूप पुनर्संरचना गरी स्वायत्त एवं प्रभावकारी संस्थाका रूपमा विकास गर्नुपर्ने बताइएको छ। भारतमा काम गर्न जाने/फर्कने नेपाली श्रमिकलाई पनि श्रम आप्रवासन प्रणालीमा समेट्दै सेवा र न्यायमा सहज पहुँच उपलब्ध गराउनुपर्ने मस्यौदामा उल्लेख छ।

आप्रवासी श्रमिक महिलाहरूको अधिकार सुनिश्चितताका लागि नेपाल पक्ष राष्ट्र भएका अन्तरर्ाष्ट्रिय सन्धि सम्झौता, समझदारीलगायतका अन्तरर्ाष्ट्रिय कानुनलाई कार्यान्वयनमा जोड दिन भनिएको छ। पेसा तथा लैंगिकताका आधारमा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्न गन्तव्य मुलुक हेर्ने कूटनीतिक नियोगले प्रत्याभूति दिनेगरी काम गर्नुपर्ने छ । श्रम आप्रवासनका क्रममा हिंसा, शोषण तथा समस्यामा परेका महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका श्रमिकहरूको पुनःस्थापना तथा सम्मानजनक पुनःएकीकरण गर्न पनि सुझाव दिइएको छ । यस्तै श्रम आप्रवासनबाट फर्किएका श्रमिकहरूको दिगो र सम्मानजनक पुनःएकीकरण गर्दै सामाजिक सुरक्षा सुनिश्चित गर्नुपर्ने बताइएको छ । श्रम आप्रवासनबाट आर्जित सीप ज्ञान र अनुभवअनुरूप उद्यम व्यवसाय सञ्चालन गरी उल्लेख्य संख्यामा रोजगारी प्रदान गर्ने उत्कृष्ट उद्यमीलाई उचित सम्मान तथा प्रोत्साहनको व्यवस्था गराउन र आप्रवासी श्रमिकका परिवारका सदस्यहरूलाई उद्यमशीलता तथा सीप विकास र वित्तीय साक्षरतामार्फत उद्यम व्यवसायमा लाग्न प्रेरित गर्नुपर्ने भनिएको छ ।

●●●

## मस्यौदालाई राष्ट्रिय...

विज्ञ टोलीका संयोजक डा. गणेश गुरुङले श्रमिकलाई केन्द्रमा राखेर मस्यौदा तयार परिएको बताए । यस क्रममा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) जस्ता सरोकारवालाहरूसँगसमेत छलफल गरिएको उनले बताए । श्रम आप्रवासन चक्रका विभिन्न चरणमा आइपर्नसक्ने समस्या, चुनौती, सम्भावना र अवसरका बारेमा श्रमिक र तिनका परिवारलाई नीतिमार्फत नै सम्बोधन गर्नुपर्ने भएकाले सोही आधारमा मस्यौदा तयार पारिएको डा. गुरुङले बताए । 'श्रम आप्रवासनसम्बन्धी नीति र कानुनी संरचना निर्माण एवं परिमार्जन गर्दा सम्पूर्ण सरकार र सम्पूर्ण समाजको विधि अवलम्बन गर्नुपर्छ,' उनले भने, 'श्रम आप्रवासन प्रक्रियालाई सरल र श्रमिकमैत्री बनाइनुपर्छ, बल्ल सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासनमार्फत देशको समृद्धिमा योगदान पुग्छ ।'

मुलुकमा रहेको गरिबी न्यूनीकरण गर्न वैदेशिक रोजगारको योगदान महत्त्वपूर्ण रहेको डा. गुरुङले बताए । उनका अनुसार ४२ प्रतिशतमा रहेको गरिबी ३० प्रतिशतमा झार्न श्रम आप्रवासनले योगदान दिएको छ । डा. गुरुङले ३० प्रतिशतमा रहेको गरिबीलाई अझै घटाउन श्रम आप्रवासनले नै महत्त्वपूर्ण भूमिका खेल्ने बताए । आन्तरिक श्रमबजारमा उपलब्ध रोजगारीका अवसरहरूमा आकर्षण कम भएकोले धेरै नेपालीहरूले श्रम आप्रवासनलाई विकल्पका रूपमा रोजेको उनको भनाइ छ ।

●●●

## अध्यक्ष दाहाललाई...

अध्यक्ष दाहालले स-साना अन्तरविरोध समाधान गर्न झन् ठूलो अन्तरविरोध सिर्जना गरेको पनि शर्माको टिप्पणी छ । यसलाई शर्माले गलत भनेका छन् । उनले पार्टीको आठौं महाधिवेशनको समापनपूर्व नै विशेष महाधिवेशनको घोषणा गरेर आठौं महाधिवेशनको महत्त्वलाई हलभित्रै समाप्त गरेको भन्दै दाहालविरुद्ध प्रश्न गरेका छन् । महाधिवेशनको बेला बोल्न नदिएको भन्दै उनी रुष्ट छन् ।

'पार्टीलाई विधि र पद्धतिमा लैजाने संकल्पको रूपमा आयोजना गरिएको विधान महाधिवेशन हलमा उत्साहका साथ भएका छलफल र हलको अभिमतलाई अस्वीकार गर्दै फक खालको घोषणा र विधान सम्मेलनभन्दा महाधिवेशन ठूलो हो जे गर्नुछ, त्यहीबाट गर्नुपर्छ भनी विधान महाधिवेशनको महत्त्वलाई ठाउँको ठाउँ समाप्त गरेको र सो अधिवेशनमा बोल्नसमेत नदिइएको प्रश्न छ,' शर्माले भने ।

अध्यक्ष दाहाल प्रधानमन्त्री छँदा बारम्बार आफू र अर्का उपमहासचिव पुनविरुद्ध बालुवाटारबाट दुष्प्रचार गरिएकोमा पनि शर्माको असन्तुष्टि छ । उनले दाहालले आफूविरुद्ध प्रतिशोध नै साँधेको पनि बताए । त्यसका लागि राज्यशक्तिको प्रयोग गर्न खोजेको खुलाए । पार्टी फुटाउन दाहाल आफैं लागिपरेको पनि आरोप लगाए ।

'पार्टीभित्र विभिन्न तहका नेताहरूलाई जुटाउन हैन फुटाउनका लागि गरिने मिहिनतबारेको प्रश्न छ,' शर्माले बैठकमा बुझाएको लिखित प्रश्नावलीमा छ, 'नेतृत्व तहबाटै समानान्तर कमिटीहरू सञ्चालन गरिएकोबारे प्रश्न छ ।'

गत २८ असारदेखि माओवादी प्रतिपक्षी दलको हैसियतमा छ । माओवादीले भएभरको राजकीय पद सबै गुमाएको छ । यसलाई लिएर दाहालमाथि थप प्रश्न जनार्दनको छ । प्रदेश प्रहरी समायोजन नगरिएकोमा पनि प्रश्न उठाइएको छ । प्रधानमन्त्री, अर्थमन्त्री र योजना आयोग माओवादीबाटै हुँदा पनि साना तथा मझौला आयोजना र बजेट स्थानीय तह र प्रदेशलाई हस्तान्तरण नगरिएको भन्ने पनि जनार्दनको प्रश्न छ ।

यसबाहेक कोशी प्रदेशमा जारी पहिचान आन्दोलनबीच कोशी नाममा किराँत नाम शब्द जोड्ने विषयमा माओवादीको अहसमति किन ? भन्दै अर्को प्रश्न पनि शर्माले गरेका छन् । माओवादीले १७ फागुन २०७९ मा बसेको कोशी प्रदेश संसदमा कोशी नाममा मतदान गरेको थियो । जबकि, त्यसअघि माओवादी कोशी प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले किराँतबाहेकका प्रदेश नाममा हस्ताक्षर नगर्ने बताएका थिए । आफ्नै प्रतिबद्धताविरुद्ध उनले मतदान गरेका थिए । जसले गर्दा माओवादी त्यहाँ सर्वाधिक आलोचित भयो । पहिचान पक्षधरहरूले लगातार आन्दोलन गरे । अहिले पनि जारी छ ।

यसकारण, कोशीमा माओवादीभित्र ठूलो पंक्ति किराँत नाम थप्नुपर्ने पक्षमा छन् । तर, माओवादी अध्यक्ष दाहालले आधिकारिकरूपमा किराँत नाम जोड्न अस्वीकार गर्दै आएका छन् । यही विषयलाई पनि जोडेर माओवादी उपमहासचिव शर्माले स्थायी कमिटी बैठकमा दाहाललक्षित प्रश्न गरेका हुन् । उनले आफ्नो राजनीतिक जीवन सक्न दाहाल पूरापूर लागेको भन्दै आक्रोश पनि ओकलेका छन् । पछिल्ला समय दाहाल-शर्मा सम्बन्ध पूरै बिग्रेको छ । यतिसम्मकी दाहालले शर्मालाई जेल कोच्न अख्तियार लगाउने तयारीसमेत गरेको आफूले थाहा पाएको बताए ।

### दाहालको प्रतिपक्षी शर्मा

माओवादीमा अध्यक्ष दाहाललाई औंला ठड्याउने नेताका रूपमा उपमहासचिव शर्मा देखापरेका छन् । केही वर्षयता उनी दाहालसँग औंला ठड्याएर प्रश्न गर्छन् । उनलाई कतिपयले पार्टीको प्रमुख प्रतिपक्षी नेता पनि भन्ने गरिन्छ । उनीअघि भने पार्टीमा दाहाललाई प्रश्न गर्ने नेता डा. बाबुराम भट्टराई थिए । उनलाई दाहालको खरो आलोचकको संज्ञा दिइएको थियो । भट्टराईअघि उपाध्यक्ष मोहन वैद्य थिए । हाल भने उपमहासचिव शर्मा दाहालविरुद्ध प्रश्न गर्ने भएका छन् ।

●●●

## सम्पादक तामाङलाई...

यसैगरी विजयरत्न तुलाधार र नेपाल टेलिभिजनका पुष्पहरि क्याम्पा राईलाई फोनिज राष्ट्रिय पत्रकारिता सम्मान प्रदान गरिएको छ । फोनिज मातृभाषा पत्रकारिता सम्मान दाङबाट प्रकाशित हुने थारु भाषाको पत्रिका लौवा अग्रासनले पाएको छ । राष्ट्रिय पत्रकारिता सम्मान र मातृभाषा पत्रकारिता सम्मानको राशि जनही २५ हजार रूपैयाँ रहेको छ ।

फोनिजको मलेसिया शाखाले पहिलोपटक 'फोनिज मलेसिया सम्मान' रेखीराम रानामगर र पुनम महतो चौधरीलाई प्रदान गरेको छ । आइतबार फोनिज संघीय कार्यसमितिले आयोजना गरेको समारोहमा नै उक्त सम्मान प्रदान गरिएको छ । यो सम्मानसँग जनही १० हजार रूपैयाँ प्रदान गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०६८/०७/०१ मा दर्ता भएको प्रा.लि.नं. ८७१४३ को **नेक्स्ट स्टेप फिटनेश एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथमटक प्रकाशित मिति: २०८१/०४/२८

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रेस पास मिडिया प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०४/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** (प्रा.लि.नं.१८४४६०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कतारमा रोजगार**

कम्पनी : AL RASHID TRADING AND CONT
शहर : Al Rashid Trading and Cont

पूर्व स्वीकृति मिति २०८१/०१/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/२७ | LT. No.304670 | चलानी न ६०२१९४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Special Construction | 1 | 0 | 5500 | २०२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 4 | 0 | 1100 | ४०,५३५ | | | | | | | |
| 3 | Engineer Electrical | 1 | 0 | 3500 | १२८,९७५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९२,१२५ | | | | | | | |
| 5 | General Supervisior | 1 | 0 | 3000 | ११०,५५० | | | | | | | |
| 6 | Labour | 8 | 0 | 1000 | ३६,८५० | | | | | | | |
| 7 | Mason | 4 | 0 | 1100 | ४०,५३५ | | | | | | | |
| 8 | Plumber | 4 | 0 | 1100 | ४०,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५
Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

**कुवेतमा रोजगार**

कम्पनी : CLINICAAT MICRO LADIES BEAUTY SALON CO.WLL
शहर : Hawally

पूर्व स्वीकृति मिति : २०८१/०४/२७ | LT. No. 308792 | चलानी नं.६०२२३४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/Manicure Pedicure/Nail Technician/Hair | 0 | 4 | 150 | ६५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

**युएईमा रोजगार**

कम्पनी : I F T G TECHNICAL SERVICES L.L.C
शहर : AL Hazm Building Office 119, Hor Al Anz, Dubai

पूर्व स्वीकृति मिति २०८१/०४/२७ | LT. No. 308770 | चलानी नं. ६०२२३४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 7 | 0 | 1000 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२२४/०७४/०७५
JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

**युएईमा रोजगार**

कम्पनी : GLOBUS ENERGY INDUSTRY L.L.C.
शहर : Umm Al Quwain, UAE

पुर्व स्वीकृति मिति २०८१/०४/२७ | LT. No. 308768 | चलानी नं ६०२२३४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountants | 1 | 0 | 1200 | ४३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Factory Workers | 1 | 0 | 1000 | ३६,५७५ | | | | | | | |
| 3 | Industrial Engineer | 2 | 0 | 5000 | १८२,८७० | | | | | | | |
| 4 | Machine Operator | 3 | 0 | 1500 | ५४,८६० | | | | | | | |
| 5 | Sheet Metal Worker | 1 | 0 | 1200 | ४३,८९० | | | | | | | |
| 6 | Welder A | 5 | 0 | 1200 | ४३,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75
KALIKA HUMAN RESOURCE PVT LTD
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, २८ साउन, २०८१**

**मेष** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**वृष** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**मिथुन** मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ ।

**कर्कट** फाइदा हेर्दा नाम बिग्रन सक्छ ।

**सिंह** विभिन्न उपहार प्राप्त हुने समय छ ।

**कन्या** अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो ।

**तुला** अवसरका साथ चुनौती पनि देखा पर्नेछन् ।

**वृश्चिक** मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् ।

**धनु** पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।

**मकर** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**कुम्भ** भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**मीन** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ साउन, २०८१ (१२ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०४ | १३४.६४ |
| युरो | १ को | १४६.३४ | १४६.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.८४ | १७१.६१ |
| स्विस फ्रेन्क | १ को | १५५.०२ | १५५.७२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.११ | ८८.५१ |
| क्यानाडियन डलर | १ को | ९७.५४ | ९७.९७ |
| सिंगापुर डलर | १ को | १०१.२३ | १०१.६८ |
| जापानी येन | १० को | ९.१२ | ९.१६ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७८ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७६ | ३६.९३ |
| थाई भाट | १ को | ३.८१ | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४९ | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.३१ | ३०.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८१ | ९.८५ |
| स्विडिस क्रोनर | १ को | १२.७२ | १२.७८ |
| डेनिस क्रोनर | १ को | १९.६१ | १९.७० |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३७.८० | ४३९.७६ |
| बहराइन दिनार | १ को | ३५५.६१ | ३५७.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## भ्रष्टाचार मुद्दामा हदम्यादको व्यवस्था

# भ्रष्टाचारीलाई जोगाउने प्रपञ्च

■ प्रभाव संवाददाता

**काठमाडौं–** भ्रष्टाचार मुद्दामा पाँच वर्षे हदम्यादको प्रावधान भ्रष्टाचार निवारण ऐन, २०५९ को संशोधन विधेयक र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को संशोधन विधेयकमा छ । विधेयकहरू पास भए अवकाश वा पदबाट हटेपछि मात्रै भ्रष्टाचारको मुद्दा चल्नसक्ने पदाधिकारीमाथि पाँच वर्षभित्र मुद्दा चलाइसक्नुपर्छ । नभए उन्मुक्ति पाउने अवस्था हुन्छ। यसअघि भ्रष्टाचारसम्बन्धी कानुनमा हदम्यादको प्रावधान थिएन । सार्वजनिक सम्पत्तिको भ्रष्टाचारमा भने हदम्याद नलाग्ने व्यवस्था कानुनमा यथावत् नै छ ।

तर, पाँच वर्षे हदम्याद सार्वजनिक सम्पत्तिको भ्रष्टाचारबाहेकमा पनि लागू गर्न खोजेपछि यो विषय पेचिलो बनेको छ । अहिले भएको हदम्यादको व्यवस्थाले अवकाशको पाँच वर्षपछि पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, नक्कली प्रमाणपत्रको विवादमा परेका पूर्वप्रधानसेनापति राजेन्द्र क्षेत्रीलगायतका उच्च अधिकारीमाथि अनुसन्धान गर्न अख्तियारलाई हदम्याद लाग्ने संवैधानिक कानुनका जानकार गणेशदत्त भट्टले बताए ।

'भ्रष्टाचार देशको मूल समस्या भनेकै हो तर अहिले जुन विधेयक आएको छ त्यहाँ भने पाँच वर्षे हदबन्दी लगाएको छ । जुन ठीक होइन,' भट्टले प्रभावसँग भने, 'यदि यो ऐन कार्यान्वयन भए भ्रष्ट चरित्रका मानिसहरूले उन्मुक्ति पाउने छन् ।' राज्य व्यवस्था समितिमा विचाराधीन भ्रष्टाचार निवारण ऐन २०५९ को संशोधन विधेयकको दफा १६ मा मुद्दा चलाउने अवधिसम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद थाहा पाएको मितिले पाँच वर्ष हुने छ ।'

पाँच वर्षे हदम्यादबारे सोही दफामा थप लेखिएको छ, 'कुनै राष्ट्रसेवकले पदमा बहाल रहँदाका बखत भ्रष्टाचार गरेको रहेछ र तत्काल निजउपर मुद्दा चल्नसक्ने रहेनछ भने निज जुनसुकै व्यहोराबाट अवकाश प्राप्त गरेको भए पनि अवकाश भएको मिति र निजले भ्रष्टाचार गरेको कुरा निज अवकाश भइसकेपछि थाहा भएकोमा थाहा भएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउन सकिने छ ।'

भट्टका अनुसार यो हदम्यादसम्बन्धी व्यवस्था पारित भएमा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेका, घूस खाएका, गलत लिखत तयार गरेका, गैरकानुनी सम्पत्ति आर्जन गरेका सार्वजनिक पदाधिकारीमाथि पाँच वर्षभित्र मुद्दा चल्न सक्ने छ । यद्यपि, कुनै कारणले पाँच वर्ष अवधि पार भएमा भने उनीहरूले उन्मुक्ति पाउन सक्छन् ।

वर्तमान संविधानअनुसार कुनै पनि अपराध भएमा उजुरी गर्ने र उजुरीमाथि अनुसन्धान गरेर मुद्दा चलाउने समयसीमालाई हदम्याद भनिन्छ । न्याय खोज्ने पक्षले निश्चित समयभित्र न्याय नखोजेमा उसलाई सधैंभरि कानुनी सुविधा हुँदैन भन्ने अवधारणाबाट हदम्यादको सुरुआत भएको मानिन्छ ।

भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक जिम्मेवारी पाएको अख्तियारले तोकिएको अवधिभित्र भ्रष्टाचारको सूचना प्राप्त गरेर अनुसन्धान गरी मुद्दा चलाउनुपर्छ । सर्वोच्च अदालतका पूर्वन्यायाधीश प्रकाश वस्तीका अनुसार कुनै गल्ती वा त्रुटिको जोखिम अनिश्चितकालसम्म रहनु हुँदैन भनेर हदम्यादको व्यवस्था गरिएको हुन्छ ।

# बडिगाड पहिरोले ५० परिवार विस्थापित



**ढोरपाटन (बागलुङ)–** बाढी पहिरोका कारण बडिगाडमा ५० परिवार विस्थापित भएका छन् । बडिगाड गाउँपालिका-९ को नयाँबस्ती र वडा नं १० आरूपाता, पात्ले, क्लावभिङ, खोर, सल्लेनधारालगायत बस्तीका ५० परिवार विस्थापित भएका हुन् ।

हालैका पहिरोमा परी ११ जनाको मृत्यु भएको छ भने एक जनाको अवस्था अझै अज्ञात छ । विस्थापित परिवारको अहिले बिचल्ली भएको छ । पहिरोका कारण खानेपानी, विद्युत् आपूर्ति हुन सकेको छैन । बालबालिका र वृद्धवृद्धालाई बढी समस्या परेको छ ।

स्थानीय भीमबहादुर बुढाले गाउँका धेरै घर पहिरोको जोखिममा रहेको हुँदा बस्ती छाडेर अन्तै जानुपरेको दुखेसो राासस प्रतिनिधिसँग पोखे । आफ्नो घर वरपरका बस्ती पहिरोको जोखिममा रहेका उनले बताए ।

विस्थापित परिवारलाई विद्यालय तथा सार्वजनिकस्थलमा व्यवस्थापन गरिरहेको बडिगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले जानकारी दिए । गाउँपालिकाले प्रारम्भिक चरणको राहत वितरण गरिरहेको उनले बताए । पालिकाले खाद्यान्न र त्रिपाल, बत्तीलगायत अतिआवश्यक सामग्री उपलब्ध गराएको भन्दै दीर्घकालीन व्यवस्थापनका लागि माथिल्लो तहको सरकारसँग छलफल गरिरहेको उनले बताए । *रासस*

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ११० साउन २६ गते २०८१ मा प्रकाशित Kalika Human Resource Pvt Ltd को Lot No. 308602 को Utmost Gulf General Transport - Sole Proprietorship L L C कम्पनीको विज्ञापनमा Electrician र Heavy Trucks Driver को मासिक तलब ने.रु. ७३,१४५ (AED 2000) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

KALIKA HUMAN RESOURCE PVT LTD
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281, Mob: 9851253935, 9815066837, Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त **Himalayan Valley Nepal Pvt.ltd.** (इजाजतपत्र नं.: १५२६/०७४/०७५) बाट **आइतु बहादुर लिम्बु**ले यस प्रा लि को नाम प्रयोग गरेर बैदेशिक रोजगारमा पठाई दिन्छु भनि रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा लि को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा लि को नाममा गरिने बैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण काम यस प्रा लि बाट मात्र गर्नु र आर्थिक कारोबार यस प्रा लि को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं । यस प्रा लि को नाममा अनधिकृत व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा लि जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

श्रम इजाजत नं. १५२६/०७४/०७५
Himalayan Valley Nepal Pvt.Ltd.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
Mobile: 9801035459
E-mail : hvnepal75@gmail.com, hvnepal2019@gmail.com, Web: www.hvnepal.com

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२८)

यस सालघारी सा.व.उ.स. कमलामाई न.पा. १, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई बद्रिपुर चौर, क.न.पा. १, सिन्धुलीमा घाटगद्दि गरी राखिएको लट नं. २ को साल र चिलाउने जातको गोलिया थान ४० को ५१९.७६ क्यू.फि गोलिया काठ र १.०० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री सालघारी सा.व.उ.स.**
**कमलामाई न.पा.– १, सिन्धुली**

PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
PANCHKHAL, KAVREPALANCHOK
BAGMATI PROVINCE, NEPAL

## Invitation for Bids

Date of publication: 2081/04/28

Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS ) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) | Average Annual Turnover ( Without Vat) |
|---|---|---|---|---|---|---|
| 1 | PMW3/NCB/WORKS/01/2081/82 | APF CHARPIPLE KHARANE JORPANI ROAD UPGRADING | 29,19,942.62/- | 72,000/- | 3,000/- | - |
| 2 | PMW2/NCB/WORKS/01/2081/82 | MAJHDIHI - DWAREDIHI ROAD | - | 7,50,000/- | 5,000/- | 2,60,00,000.00/- |
| 3 | PMW6/NCB/WORKS/01/2081/82 | HANUMAN GADHI THATI SADAK | - | 7,50,000/- | 5,000/- | 2,60,00,000.00/- |
| 4 | PMW11/NCB/WORKS/01/2081/82 | WARD NO. 11 OFFICE TO SHIKHARKATERI ROAD | - | 5,00,000/- | 5,000/- | 1,82,00,000.00/- |

| Code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | Nepal Bank ltd., Panchkhal Branch<br>For Bid Fee<br>Account No.- 12403000001001000001 Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA<br>For Bid Security<br>Account No.- 12403000003000000001<br>Account Name :- GA 3.1 Panchkhal Na PaSTHANIYA TAHA | Panchkhal Municipality Office at 1:00 PM, 2081/05/19 | on or before 12:00 Noon on 2081/05/28 | 2081/05/28 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

*Chief Administrative Officer*

## साउदीमा रोजगार

कम्पनी : SHAHEER ABBAS SUPPORT SERVICES ARABIAN COMPANY LIMITED
शहर : Dammam

पूर्व स्वीकृति मिति: २०८१/04/२७ | LT. No. 308751 | चलानी नं. ६०२२३४२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labors | 5 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : NUOR STEEL INDUSTRY CO.

पूर्व स्वीकृति मिति: २०८१/04/२७ | LT. No. 308750 | चलानी नं. ६०२२३४१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 7 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COFFEE ARC CAFE TO SERVE DRINKS

पूर्व स्वीकृति मिति: २०८१/04/२७ | LT. No. 308752 | चलानी नं. ६०२२३४२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

कम्पनी : MALAK AL-INJAZ CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८१/04/२७ | LT. No. 308749 | चलानी नं. ६०२२३४२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing Helpers | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

कम्पनी : MISHAAL SHALIL BIN HABIB AL MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/७ | LT. No. 308632 | चलानी नं. ६०२२३४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MISHAL SHALEEL BIN HABIB AL MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/७ | LT. No. 308640 | चलानी नं. ६०२२३४१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



**कुवेतमा रोजगार** कम्पनी : VERDI CONSUMER ORDERS DELIVERY COMPANY
शहर : CAPITAL

पूर्व स्वीकृति मिति २०८१/04/२५ | LT No. 308737 | चलानी नं. ६०२२३३९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 15 | 0 | 135 | ५९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ३ गते (19th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## 'नरसिंहा'मा भित्रिइन् नीति

महानायक राजेश हमाल ८ वर्षपछि कमव्याक गर्न लागेकाले फिल्म 'नरसिंहा: अवतार' मा अभिनेत्रीको रूपमा नीति शाह भित्रिएकी छन् । निर्माणपक्षले फिल्ममा नीति भित्रिएको जानकारी दिएको हो । फिल्ममा उनको भूमिका के अहिलेसम्म सस्पेन्स नै राखेको छ । फिल्म दिवाकर भट्टराईले निर्देशन गर्न लागेका हुन् । नरसिंहाको अर्थ- भगवान विष्णुको उग्र अवतार हो । निर्माणपक्षले बिहीबार फिल्मको घोषणा गरिएसँगै थिम पोस्टर सार्वजनिक गरेको थियो । जहाँ, थिम पोस्टरले युद्धको संकेत गरेको छ ।





# रचना र शान्तिश्रीको स्वरमा बोस्टनका नेपाली



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायिक रचना रिमाल र शान्तिश्री परियारले अमेरिकाको बोस्टनका दर्शक नचाएका छन्। 'अब नाच्छ अमेरिका' शीर्षकमा फ्लाई नेपालले आयोजना गरेको कार्यक्रममा सांगीतिक प्रस्तुतिका लागि उनीहरू केही अगाडि अमेरिका पुगेका थिए। यी गायिकाले आफ्ना नयाँ तथा पुराना गीतमार्फत दर्शक झुमाएका थिए ।

कार्यक्रममा मोडल करिष्मा ढकाल र गायिक ज्योति मगरले पनि दर्शकलाई धित मर्ने गरी नचाएको आयोजक पक्षले जनाएको छ। 'अब हाँस्छ अमेरिका' को सफलतापछि आयोजक फ्लाइ नेपाले अमेरिकाका नेपालीलाई नचाउने लक्ष्यसहित 'अब नाच्छ अमेरिका' कार्यक्रमको आयोजना गरेको हो ।

तीज लक्षित कार्यक्रमको सुरुवात अमेरिकाको बोस्टनबाट शनिबार नेपालको राष्ट्रिय गानसँगै गरिएको थियो । यसपछि मञ्चमा देखापरेका करिष्मा, रचना, शान्तिश्री र ज्योति मगरले बोस्टनका ५ सय बढी दर्शकलाई तीन घन्टा भरपुर मनोरञ्जन दिएका थिए । प्रस्तुतिको सुरुवात करिष्माले 'हिजो राति सपनीमा' बोलको नृत्यबाट गरेकी थिइन्। करिष्माले तताएको माहोललाई थप जोशिलो बनाउँदै गायिका रचना रिमालले आफ्ना हिट नम्बरहरू प्रस्तुत गरेकी थिइन् ।

उनले परदेशीलाई भावुक बनाउने 'नमुछे आमा दहीमा टीका' बाट गाउन सुरु गरे पनि प्रस्तुतिको अन्त्यतिर 'सम्झिने पानी छम्किने' 'मिनरल वाटर' आदि गाएर दर्शक नचाएकी थिइन् ।

रचना रिमालपछि शान्ति श्री परियारले 'गलबन्दी च्यातियो' 'अरेली काँडैले' 'लाहुर जाने रेलैमा' लगायतका दर्जन हाराहारी चर्चित गीत प्रस्तुत गरेकी थिइन् । तर 'बोल माया' 'लौन दाजै' गीतबाट आफ्नो गायकी सुरु गरेकी उनले हलमा उपस्थित दर्शकलाई सुरुमै भावुक बनाएकी थिइन् ।

कार्यक्रमको बिट मार्ने गरी मञ्चमा आएकी ज्योति मगरले पनि आफ्नो पहिचान अनुरूप दर्शकलाई गीत र नृत्यको धुनमा डुबाएकी थिइन् । उनले पनि आफ्ना चर्चित गीत 'ढाडे बिरालो' 'उही मुलाको सिन्की' पस्किएकी थिइन् ।

आयोजक विनोद अधिकारीले परदेशमा घरदेश जोड्ने अभिप्रायले कार्यक्रम गरेको बताउँदै पहिलो कार्यक्रम अन्त्यन्त सफल रहेको प्रतिक्रिया दिए ।

'देशका चर्चित स्टयान्ड कमेडियनलाई लिएर गरिएको अमेरिका यात्रा 'अब नाच्छ अमेरिका' सफलतापछि हामीले 'अब नाच्छ अमेरिका' को तयारी गरेका थियौं । जसको सुरुवात बोस्टनबाट भव्यताका साथ सुरु भएको छ,' आयोजक विनोदले भने, 'यो चाडबाडको समयमा दर्शकको तीन घन्टाको अमूल्य समय सार्थक पारौं भन्ने हाम्रो प्रयास हो जुन पहिलो कार्यक्रमले नै पूरा गरेको छ ।' आयोजकका अनुसार गायिका तथा मोडलको टोलीले न्युयोर्क, वासिङ्टन डिसी, ओहायो, कोलोराडो, बोस्टन, पेन्सेल्भेनिया, सिकागो र क्यालिफोर्निया आदि ठाउँमा कार्यक्रम गर्नेछ ।

# एन्जल बनिन् नयाँ मिस मंगोल

**काठमाडौं (प्रस)–** 'मिस मंगोल नेपाल २०२४' को उपाधि खोटाङकी २३ वर्षिया एन्जल राईले जितेकी छन् । राईले उपाधिसहित एक लाख रूपैयाँ पुरस्कार प्राप्त गरेकी स्नातक अध्ययनरत एन्जलले अब प्रभु बैंक, नेपाल आदिवासी जनजाति महासंघ, रिडी ग्रूप लिमिटेड एवं नेपाल क्यान्सर निवारण प्रतिष्ठानको सद्भावना दूत भई काम गर्ने अवसर समेत पाएकी छन् ।

एक्सन इन्टरटेनमेन्टद्वारा आयोजित प्रतियोगितामा पाँचथरकी बिपिका लिम्बु फष्ट रनर अप र बाराकी शाहिशा राईले 'मिस मंगोल मधेस' सहित सेकेन्ड रनर अपको उपाधि चुम्न सफल भएका छन् ।




प्रभु बैंक प्रायोजित नेपाल आदिवासी जनजाति महासङ्घको सहकार्यमा रिडी रूपको प्रस्तुति रहेको प्रतियोगितामा वरिष्ठ चलचित्र निर्देशक एवं अभिनेता नीर शाह प्रमुख निर्णायक,संस्कृतिविद् डा.भक्त राई, हास्य कलाकार मनोज गजुरेल, पूर्व मिस मंगोल जाङमु इन शेर्पा, शिक्षासेवी एवं प्याजेन्ट कोज पूर्ण लामा र स्टाफ कलेज पुल्चोकका डेपुटी डाइरेक्टर शिवहरि अधिकारी निर्णायक रहेका थिए ।

# मम्मी डान्स–३ मनिषालाई




■ प्रभाव संवाददाता

**भैरहवा–** मम्मी डान्स आइडल सिजन थ्रि को उपाधि मनिषा सर्माले हात पारेकी छन । हेभेन्ली गार्डेन किड्स क्याम्पस प्रा.लि भैरहवा द्वारा आयोजि मम्मी डान्स आइडल सिजन थ्रि को फाइनलमा १७ जना प्रतियोगीहरूलाई पछि पार्दै उनी प्रथम भएकी हुन् । उनलाई २० हजार नगत, प्रमाण पत्र र वाटर डिस्पेंसर सहित थुप्रै गिफ्ट ह्याम्पर पनि प्रदान गरिएको थियो ।

मंगलापुरकी चेली मनिषा सर्मालाई परिवारमा एक दिदिको मात्र सपोर्ट रहेको र उपस्थित सबै दर्शकरुको मायाले उनले जित हात पार्न सफल भएकी हुन । उनको जितले सबैलाई निकै भाबुक बनाएको थियो । आमाहरूको सपना र एक गृहणी भएर पनि यसरी आफ्नो सपना पुरा गर्ने उर्जा लिएर आएकी सर्माको जित सबैमा प्रेरणाको श्रोत बन्न पुग्यो । यसैगरी उपबिजेता भैरहवा कि आभा मल्ल भएकी हुन । उनले १५ हजार नगद सहित प्रमाणपत्र र गिफ्टह्याम्पर प्रदान गरिएको थियो ।

यसैगरी तेस्रो स्थानमा बुटवलकी दुर्गा राना रहेकी छन । उनले १० हजार नगद सहित प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्राप्त गरेकी हुन् । दर्शकको राजाईमा भने मंगलापुर सेमराकी रेनु गुरुङलाई ५ हजार नगदसहित प्रमाणपत्र र गिफ्ट ह्याम्पर दिइएको थियो ।

भारतको सिल्लिगुडीबाट बरिष्ठ नृत्याङगना पन्नु गजमेर, पूर्व मिसनेपाल सुगारिका केसी र कोरियोग्राफर मुकेश गुरुङ जजमेन्टमा उनिहरूलाई प्रथम दोश्रो र तेश्रो को स्थान दिइएको थियो । कार्यक्रमको संचालन दुर्गा गुरुङले गर्नु भएको थियो। फाइनलमा रूपन्देही, कपिलबस्तु, चितवन लगाएतका जिल्लाबाट र प्रदेश बाहिरबाट पनि प्रतियोगिहरूको सहभागीता रहेका थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको प्रमुख आतिथ्यतामा कार्यक्रमको उद्घाटन गरिएको थियो भने हेभेन्ली गार्डेन किड्स क्याम्पस प्रा.लि भैरहवाका प्राचार्य तथा आयोजक रचना क्षेत्रीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।



# भलिबल खेलाडीलाई पुरस्कार सिफारिस



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद्ले काभा महिला नेसन्स लिग भलिबल प्रतियोगितामा द्वितीय भएका खेलाडीहरूलाई पुरस्कारका लागि युवा तथा खेलकुद मन्त्रालयमार्फत नेपाल सरकारलाई सफारिस गरेको छ ।

राष्ट्रिय खेलकुद परिषद्को कार्यकारी समितिको २०८१ साउन २५ गते बसेको बैठकले राष्ट्रिय महिला भलिबल टिमलाई पुरस्कारका लागि सिफारिस गरेको हो ।

राष्ट्रिय खेलकुद विकास नियमावली अनुसार प्रतियोगितामा सहभागी १४ जना खेलाडीले जनही ३ लाख रूपयाँ पाउने छन्। यस्तै प्रशिक्षकले दुई लाख र सहायक प्रशिक्षक, व्यवस्थापक र फीजियोले जनही एक लाख २० हजार नगद पुरस्कार पाउने छन् ।

साउन १७ गते देखि २३ गते सम्म सञ्चालन भएको प्रतियोगिताको लिग चरणमा नेपालले श्रीलंका, माल्दिभ्स र भारतलाई पराजित गरेको थियो ।

# स्वर्ण पदक विजेता खेलाडीलाई सम्मान

**धादिङ (प्रस)–** करातेमा नेपाललाई स्वर्ण पदक दिलाउन सफल धादिङकी समीक्षा ढुङ्गाना र एरिका गुरुङलाई नगदसहित सम्मान गरिएको छ । नीलकण्ठ नगरपालिकाले उनीहरूलाई नगद रु ५०/५० हजारसहित सम्मान गरेको हो ।

गत २० जुलाईमा भुटानमा सम्पन्न आठौं दक्षिण एसियाली (साफ) कराते प्रतियोगितामा समीक्षाले नेपाललाई स्वर्ण पदक दिलाएकी थिइन् । नेपालको प्रतिनिधित्व गर्दै समीक्षाले ५३ केजी तौल समूहमा प्रतिस्पर्धा गरेकी थिइन् । यस्तै, २८ मार्चदेखि अप्रिल १ सम्म अमेरिकाको टेक्सासमा भएको युएस ओपन च्याम्पियनसीप कराते प्रतियोगितामा एरिकाले स्वर्ण पदक दिलाएकी थिइन् । उनले ६८ केजी तौल समूहमा प्रतिस्पर्धा गरेकी थिइन् ।

सम्मान ग्रहण गर्दै ढुङ्गानाले नीलकण्ठ नगरपालिकाको सम्मानले खेल क्षेत्रमा अघि बढ्न थप हौसला मिलेको बताइन् । 'परिवार, साथीसङ्गी र गुरूहरूलगायत सबैको साथ सहयोगले मिलेको सफलताको खुसी बाड्न पाउँदा हर्षित छु । सम्मान र सफलतासँगै जिम्मेवारी पनि थपिएको छ । खेल क्षेत्रमा अझै नेपाललाई थप सफलता दिलाउने मेरो सपना छ', उनले भनिन् । देशको शीर उचो बनाएका दुवै खेलाडीलाई प्रोत्साहनका लागि सम्मान गरिएको नगरप्रमुख भीमप्रसाद ढुङ्गानाले बताए । 'दुवै जना खेलाडीले देशविदेशमा नेपालको नाम उच्चो बनाएका छन् । उहाँहरूको हौसला बढाउन प्रोत्साहन स्वरूप यो सम्मान गरेका हौं', उनले भने ।

नगरउपप्रमुख दीपक विश्वकर्माले खेल र खेलाडीको हितमा नगरपालिकाले काम गरिरहेको बताए । 'धादिङकी यी दुई चेलीले नेपाललाई स्वर्ण दिलाउनु सामान्य कुरा होइन, त्यसैले उहाँहरूको योगदानको सम्मान गर्नुपर्छ । साथै खेल क्षेत्रमा लगानी र प्रोत्साहन आवश्यक छ भन्ने ध्येयले विकास निर्माण जस्तै खेल क्षेत्रमा पनि नगरपालिकालाई अब्बल बनाउँछौं ।'

# गौतमबुद्ध क्रिकेट रंगशाला निर्माण सुरु



■ प्रभाव संवाददाता

**चितवन–** भरतपुर महानगरपालिकाले प्रदेश र केन्द्र सरकारसँगको सहकार्यमा भरतपुर महानगरपालिका- १५ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण थालेको छ ।

महानगरपालिकाको सहरी पूर्वाधार महाशाखका प्रमुख सन्तोष आचार्यका अनुसार प्यारापिट मुनि ढुङ्गाको सोलिङको धमाधम भइरहेको छ । निर्माणमा प्रयोग हुने स्थानीय सामग्रीको महानगरपालिकाको प्रयोगशालामा परीक्षण भइरहेको छभने रड प्रयोगशाला परीक्षणका लागि काठमाडौं पठाइएको छ । उनले भने, 'निर्माण कम्पनीका प्राविधिक एवं कर्मचारी फिल्डमा खटिएर काम सुरु गरेका छन् ।'

यसैबीच, भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले निर्धारित समयमा काम पूरा गर्न कम्पनीका प्रमुख एवं प्राविधिकलाई अनुरोध गर्दै नगरपालिकाका तर्फबाट हरसम्भव सहयोग हुने प्रतिबद्धता व्यक्त गरेकी छिन् । साथै उनले कुनै समस्या भएमा तत्काल समाधान गर्न कर्मचारीलाई निर्देशन दिएकी छिन् । निर्माणमा सहजीकरणका गर्न महानगरपालिकाले निर्माणस्थलमा कार्यालय स्थापना गरिने उनले बताइन् ।

महानगरपालिकाका उपनिर्देशक इन्जिनियर जगन्नाथ अर्यालका अनुसार १० हजार दर्शक बस्न मिल्ने प्यारापिटसहित मैदान तयार गरिने छ । रङ्गशाला निर्माणको लागत रु ७५ करोड ५० लाख ९१ हजार १ सय ८९ छ । विसं २०८३ पुस २२ गतेसम्ममा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको छ ।

चालु आर्थिक वर्षमा सङ्घीय सरकारले रु २५ करोड र भरतपुर महानगरपालिकाले रु.चार करोड ८० लाख बजेट विनियोजन गरेका छन् । बागमती प्रदेश सरकारले कुल ठेक्का रकमको ७० प्रतिशत व्यहोर्ने सहमति गरेको छ ।

सुरुमा रङ्गशाला निर्माण थालेको धुर्मस सुन्तली फाउण्डेशनले पाँच हजार जना अट्ने प्यारापिट तयार गरिसकेको छ । त्यसका लागि दुई सय ८६ वटा पिलर खडा भइसकेका छन् । त्रिभुवन विश्वविद्यालयको नाममा रहेको तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयले भोगचलन गरेको २० विघा १९ कठ्ठा जग्गा रङ्गशालाले चर्चेको छ ।

# आक्रमण र अनलाइन गलत सूचनाले बंगलादेशी हिन्दूहरूमा त्रास




**ढाका–** बंगलादेशी युवा व्यवसायी तनुश्री शाह प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट बर्खास्त गरेपछि आफ्नो परिवारविरुद्ध हालैको भीडको हिंसाबाट आक्रोशित भएका छन् । उनलाई आफ्ना हिन्दू साथीहरूले थप प्रतिशोधको सामना गर्नसक्छन् भन्ने डर छ ।

ती डर उचित भए पनि हिन्दू-बहुल छिमेकी मुलुक भारतमा मिडियाद्वारा अनलाइनमा फैलाइएका अन्य घातक आक्रमणको झूठा अफवाहहरूको लहरबाट यसलाई बढावा मिलेको छ । अधिकांश मुस्लिम बंगलादेशमा हिन्दू सबैभन्दा ठूलो अल्पसंख्यक समुदाय हो र यो समुदायलाई हसिनाको पार्टी अवामी लिगका लागि दृढ समर्थनको आधार मानिन्छ ।

सोमबार हसिनाको अचानक राजीनामा र विदेश पलायनपछि उनको १५ वर्षको शासन अन्त्य गरेसँगै धेरै हिन्दू परिवार आफ्ना छिमेकीहरूको निशानामा आए । राजधानी ढाकामा हस्तकला व्यवसायका ३१ वर्षीय प्रबन्धक शाहले भने, 'एक समूहले मेरो काकाको पसलमा तोडफोड गरे ।' उनले भीडले काकाको पैसा चोरेको र मैमनसिंह सहरको उत्तरमा किराना पसलको सेफ खाली गरिदिएको बताए । त्यसपछि काकालाई उनीहरूले पिटेको र भविष्यमा आक्रमण रोक्न थप पैसा मागेको शाहले बताए । शाह ढाका विश्वविद्यालय नजिकै हसिनालाई सत्ताबाट हटाउने विद्यार्थीहरूको विरोध प्रदर्शनमा गत महिना एक हजारभन्दा बढी हिन्दूसँग उभिएका थिए ।

उक्त समूह नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वको मुलुकको नयाँ अन्तरिम सरकारसँग आफ्नो धर्मका सदस्यहरूलाई तत्काल क्षति हुनबाट बचाउन तुरुन्तै माग गर्न भेला भएको थियो । यद्यपि, शाहले हिन्दूहरूप्रतिको शत्रुता गत महिनाको राष्ट्रिय उथलपुथलभन्दा गहिरो भएको बताए । 'जब कुनै सरकार ढल्छ या कुनै समस्या उत्पन्न हुन्छ त्यतिबेला हामी अवसरवादीहरूबाट पीडित हुन्छौं,' उनले भने ।

## महिलामाथि दुर्व्यवहार

१७ करोड जनसंख्या भएको बंगलादेशमा करिब आठ प्रतिशत हिन्दू छन् । सन् १९४७ मा बेलायती औपनिवेशिक शासनको अन्त्यमा धार्मिक आधारमा भारत र पाकिस्तानको अव्यवस्थित विभाजनका कारण व्यापक हिंसा सुरु भएपछि यो बंगलादेशमा हिन्दूहरूको संख्यामा तीव्र गिरावट थियो ।

सन् १९७१ मा पाकिस्तानविरुद्ध बंगलादेशको विनासकारी मुक्ति संग्राममा धेरै हिन्दू भागे । उक्त द्वन्द्वमा ३० लाख मानिसको मृत्यु भयो र स्वतन्त्रताका समर्थकका रूपमा हेरिने हिन्दूहरू असमानरूपमा पीडित भए । धार्मिक अधिकार समूहहरूले गत सातामा अल्पसंख्यक समुदायमाथि आक्रमणका २०० भन्दा धेरै घटना रेकर्ड गरिएको र यसमा क्रिस्चियन र बौद्धहरू पनि समावेश भएको बताएका छन् । मानवाधिकार कार्यकर्ता राणा दासगुप्ताले भिडियो वयानमा भने, 'घटनाहरूमा घरहरूमा आक्रमण, पसल र पूजास्थलमा तोडफोड समावेश छन्, महिलाहरूसँग पनि दुर्व्यवहार गरिएको छ ।' हसिनाको पतनपछि अन्य सयौं हिन्दू भारतीय सीमा पार गर्न आग्रह गर्दै आइपुगेका छन् ।

## धर्मको आधारमा विभेद नगरौं

प्रायः यी सबै आक्रमण प्रधानमन्त्री भागेपछिका अराजक घन्टाहरूमा भएका थिए । हसिनालाई निष्कासन गर्ने युवा विद्यार्थी र जनताका अन्य सदस्यहरू कानुन-व्यवस्था शून्यतामा प्रवेश गरेका छन् । उनीहरूले लुटपाट रोक्न रात्रिकालीन छिमेकी हेरचाह समूह व्यवस्थित गरेका छन् र मन्दिरहरू बाहिर स्वयंसेवकहरू परिचालन गरेका छन् ।

आइतबार मध्यरातपछि ढाकाको एक व्यस्त इलाकामा गस्ती गरिरहेका मोहम्मद मियादले भने, 'हामी लुटेराहरूलाई पक्रन राति जाग्राम बसेका छौं ।' विद्यार्थी आन्दोलनका नेताहरूले शुक्रबार हिन्दू समुदायसँग भेट गरी उनीहरूको चिन्ता सुनेका थिए ती चिन्तालाई युनुसको प्रशासनलाई बुझाएका थिए । युनुसले शनिबार आफैं मुलुकमा भेदभावका लागि कुनै स्थान नभएको बताएका थिए । उनले पत्रकारहरूसँग भने, 'एउटा नयाँ बंगलादेश बनाउनु हाम्रो जिम्मेवारी हो, धर्मका आधारमा विभेद नगर्नुहोस् ।'

## हामी नागरिक होइनौं ?

हिन्दूविरुद्ध हिंसा वास्तविकताभन्दा पनि खराब छ भनी अनलाइनमा आक्रमणका झूठा रिपोर्ट फैलिँदा चिन्ताहरू अझ बढेका छन् । यीमध्ये धेरैको उत्पत्ति भारतमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूबाट भएको छ । यिनीहरूका प्रधानमन्त्री नरेन्द्र मोदी हिन्दू आस्थाका निर्विवाद समर्थक हुन् र हसिनाको शासनको कट्टर समर्थक थिए ।

भारतको सबैभन्दा साझा भाषा हिन्दीमा लेखिएको र सामाजिक सञ्जाल एक्समा व्यापकरूपमा साझा गरिएको पोस्टमा ५०० भन्दा धेरै हिन्दूको हत्या गरिएको, सयौं हिन्दू महिलालाई बलात्कार गरिएको र दर्जनौं मन्दिर जलाइएको झूठो दाबी गरिएको छ । इन्टर नेसनल क्राइसिस ग्रुपका थोमस किनले कयौं थप विचित्र दाबीलाई पनि भारतीय मिडियाले उठाएको र तथ्यका रूपमा रिपोर्ट गरेको बताए । 'उनीहरूको रिपोर्टिङ र विश्लेषणले एउटा विश्व दृष्टिकोणलाई प्रतिविम्बित गर्दछ जुन धरातलीय यथार्थसँग विल्कुल भिन्न छ,' उनले भने ।

आफ्नो पतनपछि हसिनाले भारतमा शरण लिएकी छन् । यसबाट बंगलादेशीहरूमा भारतका लागि दुश्मनी बढेको छ । किनका अनुसार हसिनाको पदच्यूतको वरपर भएका अशान्तिमा मारिएका ४५० भन्दा बढी मानिसमा हिन्दूहरूको संख्या धेरै थियो भन्ने कुराको कुनै संकेत छैन । तैपनि हिन्दूविरुद्ध आक्रमणको सबैभन्दा नराम्रा रिपोर्ट बनाइए पनि हिन्दू समुदायभित्र डर र क्रोधको व्यापक भावना कायम छ । 'तानाशाहीको पतनपछि हामीले विजय जुलुस निकाल्नुपर्थ्यो,' २० वर्षीया विद्यार्थी मौमिता अधिकारीले ढाका विश्वविद्यालय नजिकै हिन्दू प्रदर्शनमा भने, 'त्यसो भए हामी यहाँ किन विरोध गरिरहेका छौं ? के हामी यो देशका नागरिक होइनौं ?' *रासस/एएफपी*



**भारतको राजधानी दिल्लीस्थित पुरानो क्वार्टरमा रहेको दिल्ली टाउन हलमा स्वतन्त्रता अभियन्ता स्वामी श्रद्धानन्दको मूर्तिमा बसिरहेका परेवा ।**
*तस्बिरः एएफपी*

# 'छिटो चुनाव नगरिए बंलादेशमा अस्तव्यतता छाउने'

**नयाँदिल्ली–** बंगलादेश पूर्वप्रधानमन्त्री शेख हसिना वाजेदका छोरा सजीब वाजेदले आइतबार नयाँ दिल्लीलाई 'आफ्नो आमाको जीवन बचाएकोमा' धन्यवाद दिँदै बंगलादेशमा अन्तिरिम अधिकारीहरूले 'भीडको शासन' गर्न दिएको आरोप लगाएका छन् । उनले निर्वाचनविना यही अवस्था लम्बिएमा देश अराजकतातर्फ जाने चेतावनी दिएका हुन् ।

प्रधानमन्त्री पदबाट राजीनामा दिई ७६ वर्षीया शेख हसिना गत सोमबार मित्रराष्ट्र भारततर्फ गएकी थिइन् । पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि १५ वर्षे कार्यकालका क्रममा उनका हजारौं राजनीतिक विरोधीहरूको गैरन्यायिक हत्यासहित व्यापक मानवअधिकार उल्लंघनको आरोप लगाइएको छ । उनी भारत आएपछि सेनाले उनको राजीनामाको घोषणा गरेको थियो र त्यसपछि विद्यार्थीको मागमा नोबेल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुसलाई अन्तरिम प्रशासनको नेतृत्व सुम्पिएको छ ।

अमेरिकामा बस्दै आएकी हसिनाका छोरा तथा पूर्वसरकारका सल्लाहकार ५३ वर्षीय वाजेद जोयले अन्तरिम सरकारको आलोचना गर्दै यसलाई 'पूर्णतया शक्तिहीन' सरकारको संज्ञा दिएका छन् । उनले एएफपीलाई वासिङ्टनबाट दिएको अन्तर्वार्तामा भनेका छन्, 'अहिले बंगलादेशमा भीडको शासन छ । प्रदर्शनकारीको मागमा प्रधानन्यायाधीश, केन्द्रीय बैंकका गभर्नर र प्रहरी प्रमुखलगायत उच्च अधिकारीलाई पदबाट हटाइएको छ ।'

उनले भने, 'यदि भोलि भीडले 'हामी अन्तरिम सरकारमा रहेका व्यक्तिलाई परिवर्तन गर्न चाहन्छौं' भन्यो भने उनीहरूलाई परिवर्तन गर्नुपर्छ ।' युनुसले 'केही महिनाभित्रै चुनाव होस् भन्ने चाहेको' बताउँदै आएका छन् तर वाजेदले चुनावमा ढिलाइ भए अराजकता बढ्ने चेतावनी दिएका छन् ।

उनले भने, 'जनताको वैधानिकता र साँचो अधिकार भएको वैध सरकारमा फर्कन निर्वाचन गराउनु उनीहरूको हितमा छ । अन्यथा, यो केवल अराजकतामा परिणत हुने छ ।' हसिनाले जनवरीमा भएको चुनावमा विजय हासिल गरेकी थिइन् तर विपक्षी नेताहरूलाई जेलमा थुनेर हुने चुनाव स्वतन्त्र वा निष्पक्ष हुन नसक्ने भन्दै वास्तविक प्रतिद्वन्द्वीहरूले निर्वाचन बहिष्कार गरेका थिए ।

हसिना भागेपछि लाखौंको संख्यामा रहेका उनको अवामी लिगका सदस्यहरू लुकेर बसेका छन् । उनीहरूमाथि प्रतिशोधपूर्ण आक्रमण भएको छ र पार्टी कार्यालयमा आगजनी गरिएको छ । तर वाजेदले करिब १७ करोड जनसंख्या रहेको दक्षिण एसियाली राष्ट्रको राजनीतिक भविष्यका लागि हसिनाको दल आवामी लिग महत्त्वपूर्ण रहेको दाबी गरे । 'हामीसँग दशौं लाख अनुयायीहरू छन् । उनीहरू कतै जाँदैनन्,' उनले भने, 'अवामी लिगविना बंगलादेशमा प्रजातन्त्र स्थापना गर्न सकिँदैन । कमसेकम देशका आधा जनताले यसलाई कहिल्यै स्वीकार गर्ने छैनन् ।'

बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) जस्ता पूर्वविपक्षी समूहहरूले वर्षौंको दमनबाट टुटेको संगठनको पुनर्निर्माण गरिरहेका छन् । बिएनपीले सोमबारदेखि ढाकामा शान्तिपूर्ण जनऱ्याली आयोजना गरिरहेको छ । वाजेदले बिएनपी र आवामी लिग मिलेर अघि बढ्नुपर्ने बताएका छन् । *रासस/एएफपी*

# जुवाजन्य विज्ञापनमा प्रतिबन्ध लगाउन अस्ट्रेलियाली सरकारसँग आग्रह

**सिड्नी–** प्रभावशाली अस्ट्रेलियाली अधिकारीहरूको गठबन्धनले अस्ट्रेलियामा जुवाजन्य विज्ञापन (ग्याम्लिङ एड्स)मा पूर्णप्रतिबन्ध लगाउन आइतबार सरकारसँग माग गरेको छ । अस्ट्रेलिया जुवाजन्य क्रियाकलापबाट विश्वमा प्रतिव्यक्ति सबैभन्दा ठूलो नोक्सानी बेहोर्ने देशमध्ये एक हो ।

दुई करोड ७० लाख जनसंख्या रहेको अस्ट्रेलियामा जुवाजन्य खेलबाट वार्षिक २५ अर्ब अस्ट्रेलियाली डलर (१६ अर्ब अमेरिकी डलर) नोक्सानी हुने गरेको अनुमान गरिएको छ । यहाँ टेलिभिजन, रेडियो र बिलबोर्डमा मानिसहरूलाई आफ्नो पैसाको जोखिम मोल्न लोभ्याउने विज्ञापन व्यापक छन् ।

'पोकी' भनेर चिनिने जुवा खेल्ने मेसिन (स्लट मेसिन) हरू पनि भएका धेरै मधुशालाले नागरिकलाई मोजमस्तीमा सहभागी हुन अधिक आकर्षित गर्दछन् । अस्ट्रेलियाका ६० भन्दा बढी प्रतिष्ठित नागरिकले प्रधानमन्त्री एन्थोनी अल्बानिज र विपक्षी नेतालाई लेखेको पत्रमा भनिएको छ, 'अस्ट्रेलियामा जुवाको विज्ञापन नियन्त्रणबाहिर गएको छ र एक वर्षको अवधिमा टेलिभिजन र रेडियोमा १० लाखभन्दा बढी जुवाजन्य विज्ञापन प्रसारण भइरहेका छन् ।'

सप्ताहान्तमा जारी गरिएको पत्रमा हस्ताक्षर गर्नेहरूमा संघसंस्था, खेलकुद क्षेत्रका पूर्वराजनीतिज्ञ र विश्वास गरिएका नेताहरू थिए । उनीहरूले जुवाबाट हुने हानिबारे सन् २०२३ को रिपोर्टसहित अल्बानिजको लेबर सरकार र विपक्षी दललाई तीन वर्षभित्र सबै जुवासम्बन्धी विज्ञापनलाई प्रतिबन्धित गर्न सहमत हुन आग्रह गरेका छन् ।

'हाम्रो दैनिक जीवनमा स्क्रिनमा देखिने जुवाजन्य खेलसम्बन्धी विज्ञापन (प्रचार) र जुवाको माध्यमबाट हुने बढ्दो नोक्सानीबाट धेरै नागरिक चिन्तित छन्,' हस्ताक्षरकर्तामध्ये एक पूर्वप्रधानमन्त्री जोन हावर्डले भने, 'मेरो बुझाइमा जुवाको कारण समुदायमा हानि हाम्रो (अस्ट्रेलियाली) ठूलो क्षतिको लागि जिम्मेवार छ ।'


## "वितीय बर्बादी"

सरकारले उद्धृत गरेको अध्ययनले अस्ट्रेलियाली जुवाखेलबाट वार्षिक २५ अर्ब अस्ट्रेलियाली डलरबराबरको नोक्सानी हुने देखाएको छ । सन् २०२०-२०२१ को आर्थिक वर्षमा कोभिड-१९ नियन्त्रणका उपायस्वरूप बन्दाबन्दी (लकडाउन) लागू हुँदा धेरै मधुशाला, क्लब र क्यासिनोहरू बन्द गरिएको थियो तर उक्त अवधिमा पनि अस्ट्रेलियाको सरकारी तथ्यांकले जुवाजन्य नोक्सानी २४ अर्ब अस्ट्रेलियाली डलरभन्दा बढी भएको देखाएको थियो ।

'हाम्रा बच्चाहरूलाई लक्षित जुवा कम्पनीहरू रोक्न सबै जुवा विज्ञापनमा पूर्णप्रतिबन्ध आवश्यक छ,' एलाइन्स फर ग्याम्लिङ रिफर्मका प्रमुख कार्यकारी मार्टिन थोमसले भने । थोमसले एक विज्ञप्ति जारी गर्दै भने, 'विज्ञापनलाई सीमित गर्ने वा सामाजिक सञ्जालमा मात्र पूर्ण प्रतिबन्ध लगाउने कुनै पनि निर्णय निहित स्वार्थका लागि जित हुने छ र यसले अस्ट्रेलियालीहरूलाई ठूलो क्षति पुऱ्याउने छ ।'

'आर्थिक नोक्सानीका अतिरिक्त अकर्मण्यताको मूल्य 'बढ्दो आर्थिक विनाश, मानसिक स्वास्थ्य समस्या, आत्महत्या र जुवाले बढाउन सक्ने पारिवारिक हिंसा' हुने छ,' उनले भने । अस्ट्रेलियाको 'नाइन इन्टरटेनमेन्ट' पत्रिकाका अनुसार सरकारले केही हप्ताभित्रै प्रस्तावित कानुन घोषणा गर्ने अपेक्षा गरिएको छ । अल्बानिजले गत हप्ता आफ्नो सरकारले 'सरोकारवाला' सँग छलफल गरेको बताउँदै आफू 'जुवाको हानि कम गर्न' प्रतिबद्ध रहेको बताएका थिए । तर विज्ञापन उनले प्रतिबन्धको परिकल्पना गरेका थिए कि थिएनन् भन्नेबारे बताउन अस्वीकार गरे । *रासस/एएफपी*

# भारतका पूर्वविदेशमन्त्री नटवर सिंहको निधन



**नयाँदिल्ली–** भारतका पूर्वविदेशमन्त्री तथा कांग्रेस नेता के नटवर सिंहको ९३ वर्षको उमेरमा शनिबार राति निधन भएको छ ।

लामो समयदेखि बिरामी रहेका उनको गुरुग्राम (हरियाणा) स्थित मेदान्त अस्पतालमा निधन भएको हो । कांग्रेस नेता एवं राज्यसभा सांसद रणदीप सिंह सुरजेवालाले शनिबार राति १२ बजे सामाजिक सञ्जाल एक्समा पोस्ट गरेको शोक सन्देशमा भनिएको छ, 'पूर्वविदेशमन्त्री नटवर सिंहजीको निधन भएको छ । ईश्वरले उनको परिवारलाई यो क्षति सहने शक्ति प्रदान गरुन्, साथै, दिवंगत आत्माको शान्तिका लागि कामना ।'

यसैबीच, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्वविदेशमन्त्री नटवर सिंहको निधनप्रति दुःख व्यक्त गर्दै उनले कूटनीति र वैदेशिक नीतिका क्षेत्रमा भारतका लागि गरेको योगदानको प्रशंसा गरेका छन् । प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'नटवर सिंहजीको निधनबाट मर्माहत भएको छु । उनले कूटनीति र विदेश नीतिको क्षेत्रमा भारतका लागि ठूलो योगदान दिएका छन् ।'

उनी आफ्नो बुद्धि र विपुल लेखनका लागि पनि चिनिन्थे । दुःखको यस घडीमा उनको परिवार र प्रशंसकहरूप्रति समवेदना प्रकट गर्दछु । सिंहले सन् २००४ देखि २००५ सम्म युपिए सरकारका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको मन्त्रिपरिषद्मा विदेशमन्त्रीको रूपमा काम गरेका थिए । सिंहलाई सन् १९८४ मा पद्मभूषणबाट पनि सम्मानित गरिएको थियो । *रासस/एएनआई*


**पाँचखाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पाँचखाल, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

प्रकाशित मिति : २०८१/०४/२८

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशित गरिएको छ ।

| IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|
| PMW4/NCB/WORKS /01/080/081 | Agricultural Market Construction at Tamaghat Old Vegetable Collection Center | Bhagawoti Nirman Sewa, Hokse-03, Kavrepalanchok | 33,83,823.27/- |

प्रमुख प्रशासकीय अधिकृत

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४८८०० | प्रति तोला - - | प्रति तोला - १७२० |



**हरियाली खेती** | काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-११ स्थित बल्थलीका किसानले गरेको धान र मकै खेती। *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# 'उत्पादन र रोजगारी वृद्धिमा ध्यान केन्द्रित गरौं'

■ प्रभाव संवाददाता

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वाधार विकासको क्रमसँगै उत्पादन र रोजगारी वृद्धितर्फ ध्यान केन्द्रित गर्न लुम्बिनी प्रदेश सरकारलाई आग्रह गरेका छन्।

उक्त प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहित मन्त्रीहरूसँग प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले उपयुक्त माटोमा उन्नत जातका बाली लगाएर कृषिलाई औद्योगीकरण गर्दै त्यसको बजार विस्तार गर्न सुझाव दिएका हुन्।

'अहिले समग्र अर्थतन्त्र ओरालो लागेको छ। भवन, कार्यालयलगायत भौतिक संरचना निर्माणमा खर्च गरेर तत्काल उत्पादन वृद्धि हुन सक्दैन। हामीसँग ऊर्बर धर्ती, पानी र हावापानी छ। मेहनत गरेर उत्पादन र रोजगारी बढाउन सकिने धेरै आधारहरू छन्', प्रधानमन्त्री ओलीले भने, 'यस्ता काममा हाम्रा राजनीतिक दलका सङ्गठन र कार्यकर्ता पनि लाग्नुपर्छ। सबै मिलेर नागरिकका समस्या समाधान गर्नेतर्फ केन्द्रित हुनुपर्छ।'



उनले अशुद्ध र विषादीयुक्त खाद्य पदार्थ/तरकारी निर्यात र आयात नगर्न ध्यानाकर्षण गराउँदै जनतालाई स्वस्थ राख्न खाना स्वस्थ हुनुपर्ने भन्दै अशुद्ध र विषादीयुक्त खाद्य पदार्थ आयात/निर्यातमा रोक लगाउने व्यवस्था गर्न सरोकार भएकालाई सुझाव दिए।

अहिलेको समीकरण र सरकार मुलुकको विशेष अवस्थाका कारण बनेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यो सरकारले मुलुकमा विद्यामान समस्या पहिचान गरी समाधान निकाल्ने योजनासहित काम गरिरहेको बताए। उनले हाल घाटा बजेटमा सरकार सञ्चालन भइरहेको भन्दै आफूहरूले छोडेर जाँदा यस्तो अवस्थाको अन्त्य गराउनेगरी काम गर्न सबैलाई आग्रह गरे। प्रधानमन्त्री ओलीले सरकार सञ्चालन गर्दा कसले कति भाग लिने भन्ने खालको विवाद नगरी सहमति, सहकार्य र जनताका लागि परिणाम दिने मुख्य विषयलाई ध्यानमा दिन आग्रह गरे।

मुख्यमन्त्री आचार्यले प्रदेशको राजधानी रूपन्देहीबाट दाङ सार्न बजेटको प्रबन्ध र समग्र पूर्वाधार विकासमा केन्द्र सरकारको सहयोगको अपेक्षा गरेका थिए। छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, नेकपा (एमाले) का महासचिव शंकर पोखरेललगायत सहभागी थिए।

# नेप्सेमा हालसम्मकै उच्च कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा हालसम्मकै उच्च रकम कारोबार भएको छ। नेप्से परिसूचकमा उल्लेख्य वृद्धि देखिँदा कारोबार रकम उच्चतम विन्दुमा पुगेको हो।

नेप्से परिसूचक ९४ दशमलव ५३ अंकले बढेर दुई हजार आठ सय ६० दशमलव ९१ को विन्दुमा कायम भएको छ। यो तीन दशमलव ४१ प्रतिशतको वृद्धि हो। तीन सय ३० कम्पनीको छ करोड तीन लाख २१ हजार तीन सय २३ कित्ता शेयर दुई लाख ७५ हजार दुई सय सात पटक खरिद बिक्री हुँदा रु २५ अर्ब ७७ करोड ९४ लाख ५३ हजार पाँच सय नौ बराबरको कारोबार भएको छ।

कारोबारमा सबै समूहको उपसूचक हरियो देखिएको छ। सबैभन्दा धेरै बढ्नेमा जीवन बीमा समूह चार दशमलव ५५ र लघुवित्त समूह चार दशमलव ४० प्रतिशतले बढेको छ। बैंकिङ तीन दशमलव ३५, विकास बैंक दुई दशमलव ५८, वित्त तीन दशमलव ४८, होटल तथा पर्यटन शून्य दशमलव ९०, जलविद्युत् तीन दशमलव ९३, लगानी चार दशमलव १२ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७५ प्रतिशतले बढेको छ। म्युचुअल फन्ड शून्य दशमलव ०१, निर्जीवन बीमा तीन दशमलव ४५, व्यापार दुई दशमलव ९१ र अन्य समूह दुई दशमलव ५१ प्रतिशतले बढेको छ।

१० वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। नेसनल हाइड्रोपावर कम्पनी लिमिटेड, नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टेमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड, आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड, अपर तामाकोशी हाइड्रोपावर लिमिटेड, शुभम् पावर लिमिटेड, आत्मनिर्भर लुघवित्त वित्तीय संस्था लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि देखिएको हो। कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब ५२ करोड दुई लाख ४७ हजार तीन सय ७० बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको २४ लाख ५१ हजार छ सय ८६ कित्ता शेयर किनबेच भएको छ।

## च्याउखेतीबाट वार्षिक १० लाख आम्दानी

**पर्वत (प्रस)-** जलजला गाउँपालिका-८ फर्सेकी सावित्री खत्री व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी गर्न सफल भएकी छिन्। विगत १० वर्षदेखि व्यावसायिक कृषिमा सक्रिय खत्रीले च्याउखेतीबाट बर्सेनि रु १० लाखभन्दा बढी आम्दानी गर्दै आएकी छिन्। तीनवटा गुम्वज टनेलमा उत्पादित कन्ये र गोब्रे च्याउ बागलुङ, म्याग्दी र कुश्माबजारमा खपत हुने गरेको उनी बताउँछिन्। 'च्याउखेतीबाट भएको आम्दानीले उत्साहित छु, बजारको समस्या छैन', उनले भनिन्।

# घट्दै विद्युत् चुहावट

■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल विद्युत् प्राधिकरणले पछिल्लो आठ वर्षमा प्रसारण तथा वितरण प्रणालीमार्फत भइरहेको विद्युत् चुहावटलाई आधा घटाएको छ।

आर्थिक वर्ष २०७२/७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत भइरहेको विद्युत् चुहावटलाई यस अवधिमा आधा घटाएर गत आव २०८०/८१ मा १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको छ। विद्युत् चुहावटमध्ये प्रसारण लाइनतर्फ तीन दशमलव ३३ प्रतिशत र वितरणतर्फ नौ दशमलव ४० प्रतिशत रहेको छ। आठ वर्षअघि २५ दशमलव ७८ प्रतिशत चुहावटमध्ये १९ दशमलव ८० प्रतिशत वितरण र बाँकी प्रसारणतर्फ थियो।

विद्युत् चुहावटलाई आव २०७३/७४ मा २२ दशमलव ९० प्रतिशत, २०७४/७५ मा २० दशमलव ४५ प्रतिशत, २०७५/७६ मा १५ दशमलव ३२ प्रतिशत र २०७६/७७ मा १५ दशमलव २७ प्रतिशतमा झारिएको थियो। आव २०७७/७८ मा भने चुहावट बढेर १७ दशमलव १८ प्रतिशत पुगेको थियो। त्यसपछि चुहावटलाई आव २०७८/७९ मा १५ दशमलव ३८ र आव २०७९/८० मा १३ दशमलव ४६ प्रतिशतमा झारिएको थियो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाएर आठ वर्षको अवधिमा चुहावट नियन्त्रणमा सफलता हासिल गरेको बताउनुभयो। कार्यकारी निर्देशक घिसिङले 'लोडसेडिङ' अन्त्य भई नियमित विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमले वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा सकारात्मक प्रभाव परेको उल्लेख गरे।

'प्रणालीमा विद्युत् चुहावट हुँदा प्रत्यक्ष रूपमा अर्बौं रकम आम्दानी गुमिरहेको थियो, प्राविधिक तथा गैह्रप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट वितरणतर्फको विद्युत् चुहावट उल्लेख्य रूपमा घटी यो अनुपात छिमेकी देशहरूभन्दा कम भएको छ', कार्यकारी निर्देशक घिसिङले भने।

चुहावट नियन्त्रणबाट मात्र यस अवधिमा प्रतिवर्ष करिब रु १२ अर्ब थप आम्दानी भएको छ। नाफाबाट आर्जन भएको रकमलाई प्रणाली विस्तार र सुधारमा लगानी गरिरहेको प्राधिकरणको भनाइ छ। अब चुहावटलाई एकल अंक (सिङ्गल डिजिट)मा झार्ने लक्ष्य राखेर काम अगाडि बढाइएको छ। आर्थिक वर्ष २०७२/७३ मा रु आठ अर्ब ८९ करोड खुद नोक्सानीमा रहेको प्राधिकरणले आव ०७३/७४ मा रु एक अर्ब ५० करोड खुद नाफा कमाएको थियो। त्यसपछि निरन्तर नाफामा रहेको प्राधिकरणको नाफा गत आवमा रु १३ अर्ब ३१ करोड (अन्तिम लेखापरीक्षण हुन बाँकी) पुगेको छ। आठ वर्षअघि रु ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरण गत आवमा रु ४७ अर्ब ४१ करोड सञ्चित नाफामा पुगेको छ।

ठूला क्षमताका प्रसारण लाइन तथा सबस्टेसन सञ्चालन, सबस्टेसन क्षमता वृद्धि तथा सुदृढीकरण, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज तथा स्मार्ट मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायतका कदमले प्राविधिक चुहावट नियन्त्रण भएको हो। घिसिङले वितरण तथा ग्राहक सेवाअन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृह प्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएको बताए। प्राधिकरणले गैह्रप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्‍ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ।

# मौरीपालनबाट मासिक ५० हजार आम्दानी

**मन्थली (रामेछाप)-** जिल्लाको रामेछाप नगरपालिका-२ सुकाजोरका कृष्णबहादुर मगर सहरको रोजगारी छाडेर अहिले गाउँमै मौरीपालन गरी मासिक ५० हजार आम्दानी गरिरहेका छन्।

सानै उमेरमा सहर पसेका मगर कोरोना कहरका कारण गाउँ फर्किएका थिए। कोरोनापछि लामो समय गाउँमा बस्नुपर्दा मगरले सुरुमा कुखुरापालन गरे। कुखुराबाट खासै आम्दानी नभएपछि उनले मौरीपालन गर्ने सोच बनाएर ललितपुरको गोदावरीमा गई मौरीपालनसम्बन्धी तालिम लिए र मौरीपालन सुरु गरेका हुन्।

सुरुमा मेलिफेरा जातको १० घार मौरीबाट व्यवसाय सुरु गरेका थिए। उनले भने, 'त्यसपछि मैले छ घार सेरेना जातको मौरी थपेँ, अहिले यो व्यवसाय गरेको तीन वर्ष भयो आम्दानी राम्रै छ।' उनले मौरीपालनसँगै मौरीका नयाँ घार उत्पादन गरी घारसहितका मौरी बेच्छन्। महभन्दा घारसहितको मौरी बिक्री चाँडो हुने र त्यसबाट बढी फाइदा हुने उनको अनुभव छ। मह र घार बिक्रीबाट उहाँले वार्षिक खर्च कटाएर छ लाख कमाइ गर्ने गरेको बताए।

आर्थिक वर्ष २०८०/८१ मा मौरीपालन व्यवसाय प्रवर्द्धनका लागि उनले रामेछाप नगरपालिकाबाट रु तीन लाख अनुदान प्राप्त गरे। सुरुमा लगानी गर्न समस्या भएको अवस्थामा अनुदान पाएपछि उनी खुसी छन्। उनले एक लाख १५ हजार लगानी गरी मौरीपालन सुरु गरेका थिए। सबैभन्दा बढी खर्च मह काढ्ने मेसिनमा लागेको उनको भनाइ छ। पछि आफैँले घार निर्माण गर्न थालेपछि अहिले उहाँको बगैँचामा मेलिफेरा र सेरेना जातका ७० घार माहुरी छन्। मेलिफेरा जातका मौरीले वर्षमा चार/पाँचपटक मह उत्पादन गर्छ। यसले एक पटक मह काढ्दा एक घार बराबर १० देखि १५ केजीसम्म मह दिन्छ। सेरेना (लोकल) जातको



माहुरीको घारबाट भने वर्षमा दुईपटक मात्र मह निकाल्न मिल्ने उनले बताए।

अहिले महभन्दा पनि मौरीसहितको घारको माग बढी भएकोले उनले माउ उत्पादनमा जोड दिएका छन्। उनले उत्पादन र निर्माण गर्नुभएको मौरीसहितको घार १० हजारका दरले बिक्री गर्छन्। सेरेना जातको माहुरीको मह प्रतिकेजी एक हजारदेखि एक हजार दुई सयसम्म बिक्री गर्छन्। अठार वर्षसम्म सहरमा रोजगारी गर्दा खासै पैसा कमाउन नसक्नु भएका मगर अहिलेको आम्दानीबाट सन्तुष्ट छन्। उनी भन्छन्, 'देशका युवा लाइन लागेर विदेश गएको देख्दा आफूलाई पनि जाउँ जाउँ लागेको थियो, तर विदेश गएर फर्केको साथीहरूको अनुभव सुन्दा नजाने अठोट लिएर गाउँमै काम गर्न थालेका हुँ।'

मौरीपालन सुरु गरेको दुई वर्ष लगानी थप्दै जानुपर्ने र उत्पादन नहुनेजस्ता समस्या थियो। तेस्रो वर्षदेखि धमाधम उत्पादन हुन थालेपछि लगानी उठेको उनको अनुभव छ। कम मेहनत र लगानीमा राम्रो आम्दानी हुने यो व्यवसायका लागि विभिन्न स्थानीय तहहरूले आफ्नो नीति तथा कार्यक्रममा मौरीपालन समावेश गरेका छन्। सोही अनुसार सुनापति गाउँपालिकाले उहाँसँग एक सयवटा मौरीसहितको घार माग गरेको छ। रानीसहितको कर्मी मौरी उत्पादन गर्न केही समय लाग्ने भएकाले तत्काल मौरी उपलब्ध गराउन नसकिने उनी बताउँछन्।

मौरीलाई अरिङ्गाल र मलसाप्रोबाट जोगाउन निकै समस्या हुन्छ। धेरै घार भएपछि घर वरिपरि मात्र राखेर नहुने भएकाले बारीको कान्लाहरूमा राख्ने गरेकाले त्यहाँ अरिङ्गाल र मलसाप्रोले दुःख दिने गरेको छ। घारभित्रको महमा कमिलाले दुःख दिने भएकाले कमिलाबाट जोगाउन 'स्ट्यान्ड' बनाएर राख्नुपर्ने र मलसाप्रोबाट जोगाउन ढुङ्गाले थिचेर राख्नुपर्छ। उहाँले अर्को वर्षसम्ममा तीन सय घार मौरी पाल्ने योजना बनाएका छन्। प्रायः मौरीपालक किसानहरूले धेरै र चाँडो मह निकाल्न घार नजिक चिनी र चास्नी बनाएर राखिदिने गरेपनि आफूले त्यस्तो नगरेको र चास्नी बनाएर दिइरहनु नपर्ने उनको भनाइ छ।

मौरीको घार विस्तार गर्दा रानी बनाउन कृत्रिम प्रविधि नअपनाई प्राकृतिक तरिकाले रानी उत्पादन गर्ने गरेको उनी बताउँछन्। उनले भने, 'घार फुटाएपछि मौरीहरूले आपत्कालीन रानी तयार पार्छन् रानी हराएको अवस्थामा माहुरीहरूले तीन/चार दिनको लार्भा अण्डा हालेर भए पनि तुरुन्तै रानी उत्पादन गर्ने भएकाले कृत्रिम तरिकाले रानी उत्पादन गरिरहनु पर्दैन।' *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ